**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १६ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

**१.** मेदिनीपुर मेडिकल कलेज अस्पताल काण्डमा मुख्यमंत्री ममता व्यानर्जीले डाक्अरहरूलाई जिम्मेवार ठहराउँदै १२ जना डाक्टरहरूलाई निलम्बित गर्ने आदेश दिनुभएको छ।

**२.** ६ हजार करोड़ रूपियाँ ब्यांक घोटाला काण्डमा प्रर्वतन निदेशालय ई.डी द्वारा कोलाकाता र हावड़ामा विभ्ज्ञिन्न ठाउँहरूमा छापामारी गऱ्यो।

**३.** चिया श्रमिकहरूको पी.एफ को मुद्दा टिएमसी की राज्य सभा सांसद रिता ब्रत व्यानर्जीले आगामी बजेट सत्रमा संसदमा उठाउनु हुनेछ।

**४.** ख्याती प्राप्त साहित्यका हैमन दास किरातीको शलिंगको अनावरण गोरूबथानमा जीटिए का मुख्य कार्यपाल अनित थापाले गर्नुभयो।

**५.** खोरीबाड़ीमा सरस्वती पूजाको चन्दा उठाउने क्रममा एउटा चालकद्वारा किच्याएर कक्षा दशमी छात्राको मृत्यु भएको छ।

**मुख्यमन्त्री ममता - मेदिनीपुर मेडिकल कलेज**

मुख्यमन्त्री ममता ब्यनर्जीले मेदिनीपुर मेडिकल कलेजमा भएको सलाइनकाण्डमा डाक्टरहरूलाई जिम्मेवार ठहराउनु भएको छ। उहाँले आज नवान्नमा भन्नु भयो, डाक्टरहरूको लापरवाहीको कारणले एकजना आमा र नवजात शिशुको मृत्यु भयो। उक्त घटनापछि मुख्यमन्त्रीले 12 जना चिकित्सा कर्मीहरूलाई निलम्बन गर्ने आदेश दिनु भयो जसमा मेदिनीपुर मेडिकल कलेजका रेजिडेन्ट मेडिकल अफिसर (आरएमओ) अनि मेडिकल सुप्रिनटेण्डेन्ट-कम-भाइस प्रिन्सिपल (एमएसवीपी) सामेल छन्। घटना त्यसबेला सामु आयो जतिबेला अस्पतालमा प्रसव अवधि सलाइन दिँदा पाँचजना महिलाहरूको अवस्था बिग्रियो। यीमध्ये एकजना महिला र नवजातको मृत्यु समेत भयो।
मुखामंत्री ममताले भन्नु भयो, सरकारी स्वास्थ्य सेवाहरूमा सुधार गरिएको भए पनि यस्ता घटनाहरू चिकित्सकीय प्रोटोकल पालन नगरिएको कारणले भइरहेका छन्। जुन मानिसहरूले मनुष्य जीवनको भाग्य तय गर्दछन् तथा प्रसवमा मद्दत गर्दछन्, उनीहरूले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ।
मुख्यमन्त्रीले अपरेशन थिएटरमा निगरानीको अभावलाई पनि उजागार गर्दै त्यहाँ सीसीटीभी क्यामरा जड़ान गर्ने सुझाउ दिनु भयो। मुख्य सचिव मनोज पन्तले पनि यस विचारलाई समर्थन गर्नु भएको छ। उहाँले भन्नु भयो, क्यामराहरू गल्लीहरूमा मात्र जड़ान गरिएको छ जसबाट डाक्टरहरूको गतिविधिमाथि नजर राख्न गाह्रो भइरहेको छ। सर्जरी अवधि वरिष्ठ डाक्टरहरूको अनुपस्थितिको कारणले जूनियर डाक्टरहरूले अपरेशन गरे।

****** ० ******

**ब्याङ्क घोटालामा छापामारी**

प्रवर्तन निदेशालय (ईडी) ले छ हजार करोड़ रूपियाँ ब्याङ्क घोटालाको क्रममा आज कोलकाता र हावड़ामा तीन अलग-अलग ठाउँ छापा माऱ्यो। यो छापा एक व्यवसायीको आवास र कार्यालयहरूमा मारियो। अधिकारीहरू अनुसार जाँचमा धेरै शेल कम्पनीहरू र एजेन्सीहरूको पत्तो लागेको जो कथित रूपमा यस अपराधमा सामेल रहेको बताइएको छ।ईडीका एक अधिकारीले भन्नु भयो, यस मामिलाको जाँच गर्दै हामीले पायौं कि धेरै शेल कम्पनीहरू र एजेन्सीहरू अपराधमा लिप्त थिए। यसमध्ये एक एजेन्सीको निदेशकका ठेगानाहरूमा हामीले छापा माऱ्यौं ताकि घोटालासित जोड़िएको पैसाको हिनामिनाका तरीकाहरू र अन्य गतिविधिको पत्तो लगाउन सकियोस्।
यस मामिलामा दिसम्बर 2024 मा ईडीले कनकस्ट स्टील एण्ड पावरको प्रमोटर संजय सुरेकालाई पक्राउ गरेको थियो। प्रमोटरदेखि 4.5 करोड़ रूपियाँ मूल्यको आभूषण र धेरै विदेशी लग्जरी कारहरू जफत गरिएको थियो। यो मामिला 2022 मा दर्ता गरिएको थियो, जब आरोपी उद्योगपतिमाथि झारखण्डको एक राष्ट्रीयकृत ब्याङ्कलाई धोका दिएको आरोप लागेको थिय

****** ० ******

## टिएमसी संसद- चिया श्रमिक

संसदको बजट सत्रमा टिएमसी सांसदले उत्तर बंगालका चिया श्रमिकहरूको भविष्यनिधी (पी.एफ) को मुद्दा उठाउने छ। टिएमसी की राज्यसभा सांसद रिताब्रत व्यानर्जीले सिलगड़ीको रेगुलेटेड बजारमा आयोजित एक समारोहमा सो कुरा भन्नुभयो उहाँ टिएमसीको चिया बगाल श्रमिक संगठनको पूर्व अध्यक्ष हुनुहुन्थ्यो। उहाँले दार्जीलिङ पहाड़ , तराई र डुर्वसका चिया श्रमिकहरूको पी.एफ धरी मालिक वर्गले लुकाउँछ अनि केन्द्रको भविष्य नीधि व्रिभागले पनि मौन धारण गरेर बस्दछ भनी गम्भीर आरोप लगाउनु भयो। आज धेरै चिया श्रमिकहरू पी.एफ को लाभ देखि वंचित छन् यसैले आगामी बजट सत्रमा यो मुद्दा संसदमा उठाईने जानकारी उहाँले गराउनुभयो। उहाँले पात्र. श्रमिकहरूलाई पी.एम लाभहरू देखि वंचित गरेकोमा पी.एम कार्यालय अघि धर्ना प्रदर्शन गर्ने चेतावनी पनि दिनुभयो।

****** ० ******

## सभा - हाउजिङ फर अल योजना

खरसाङ नगरपालिका क्षेत्रको हाउजिङ फर अल योजनाको विषयमा लाभार्थीहरुलाई लिएर आगामी 20 जनवरी सोमबार खरसाङमा सभा हुने भएको जानकारी खरसाङ नगरपालिकाको भाइस चेयरम्यान सुवास प्रधानले आज जानकारी गराउनु भएको छ। उहाँले बताउनु भए अनुसार उक्त सभा खरसाङको नयाँ बजारसमथित सार्वजनिक भवनमा सम्पन्न हुने भएको छ। उक्त सभा जीटीएको प्रमुख कार्यपाल अनित थापा, खरसाड महकुमा शासक, खरसाङ नगरपालिका अनि वार्ड नम्बर 1 देखि 20 नम्बर वार्डसम्मका हाउस फर अलको लाभार्थीहरूलाई लिएर सरकारी सभा सम्पन्न गरिने भएको छ। श्री सुवास प्रधानले उक्त सभामा लाभार्थीहरुबाहेक अन्यलाई प्रवेश निषेध गरिएको र उक्त सभापछि पत्रकारहरूलाई सम्बोधन गरिने जानकारी गराउनु भएको छ।

****** ० ******

## तीन दिवसीय महोत्सवको समिति गठन

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन र मिरिक नगरपालिकाको संयुक्त आयोजनामा आगामी २५, २६ र २७ जनवरीमा मिरिक महोत्सव आयोजना हुने भएको छ। जसलाई लिएर आज मिरिक नगरपालिका अध्यक्ष एलबी राई, सभासदहरू धुर्ब बम्जन, मिलेस राई लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको उपस्थितमा मिरिक रंगशालामा आज दोस्रो सभा सम्पन्न भयो। उक्त सभामा महोत्सवलाई भव्य रूपमा सम्पन्न गर्नका लागि एउटा आयोजक समिति गठन गरिएको छ। जसमा अध्यक्ष समीर राई, उपाध्यक्ष आशिष् तामाङ, सचिव पुनम विश्व आदिलाई चयन गरिएका छन् । महोत्सवमा रङ्गारङ्ग सांस्कृतिक कार्यक्रम, साँस्कृतिक रैली, पुष्प प्रदर्शनी, खेलकूद लगायतका विभिन्न कार्यक्रमहरू आयोजना गरिने भएको छ।

****** ० ******

## पाँच दिने कार्यशाला शुरु

दार्जीलिङ नगरपालिका अनि हिलदारी  सामाजिक संस्थाको संयुक्त आयोजनामा होटल व्यवसायी साथै एसोसिएशनहरुलाई लिएर पाँच दिने ड्राभिङ सस्टेनेबल वेस्ट मेनेजमेन्टमाथि जनचेतनामूलक कार्यक्रम शुरू भएको छ। दार्जीलिङ गोर्खा दु:ख निवारक सम्मेलन भवनमा संचालित कार्यक्रममा होटल उद्योगसंग सम्बन्धित व्यक्तिहरु उपस्थति रहेको हिलदारी संस्थाको तर्फबाट बताइएको छ। होटल साथै होमस्टेहरुलाई साफ-सुग्घर राख्नुसँगै अतिथिहरुलाई स्वच्छता विषय अवगत गराउने यस कार्यक्रमको  उद्देश्य रहेको बताइएको छ भने यस  प्रकारको कार्यक्रम नगरपालिका क्षेत्रबाहेक ग्रामीण क्षेत्रहरुमा पनि गरिने संस्थाले जनाएको छ।

****** ० ******

## हायमनदास राई ‘किरात’- को सालिग

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको सहयोगमा साझा साहित्य संरक्षण संस्थाद्वारा आज गोरुबथानको सोमबारे बजारमा साहित्य लेखनसँगैसँगै प्रकाशनको क्षेत्रमा पनि उतिकै उल्लेखनीय योगदान दिएर सिङ्गै नेपाली समाजलाई उपकृत तुल्याउने साहित्यकार हायमनदास राई ‘किरात’- को सालिग अनावरण गरिएको छ। गोरुबथानको सोमबारे बजारको नवनिर्मित त्रिकोण पार्कमा उक्त सालिग स्थापित गरिएको छ। कार्यक्रममा मुख्य अतिथिको रूपमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापा उपस्थित हुनु हुन्थ्यो। समारोहको अध्यक्षता वरिष्ठ साहित्यकार डा गोकुल सिन्हाले गर्नु भएको थियो। कार्यक्रममा डा रेमिका थापाले साहित्यकार किरातको व्यक्ति र कृतिमाथि वार्ता राख्नु भएको थियो। समारोहमा दार्जीलिङ, कालेबुङ, डुवर्स अनि सिक्किमका साहित्यकारहरुको उपस्थिति रहेको थियो। यस अवसरमा आफ्नो सम्बोधनमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख

कार्यपाल अनित थापाले भन्नु भयो, 'साहित्यकार हायमनदास राई 'किरात' गोर्खा समाजका विभूति अनि अभिभावक थिए। हाम्रा स्रष्टा हुन उनी। उनलाई हामीले साहित्यको इतिहासमा राखेर जीवित राखेका छौँ'श्री अनित थापाले अघि भन्नु भयो, 'मूर्तिकार अमिर सुन्दासले मूर्ति बनाएका हुन्। प्रतिमा जीवन्त रहेको छ।

****** ० ******

**दुर्घटनामा कक्षाका छात्रको मृत्यु**

सिलगढ़ी महकुमाको खोरीबाड़ीमा भएको सड्क दुर्घटनामा आज अपरान्ह एकजना दशौं कक्षाका छात्रको मृत्यु भएको छ। मृत छात्रको नाम सूर्या गिर रहेको बताइएको छ जो खोरीबाड़ी हाई स्कूलमा दशौं कक्षामा अध्ययनरत् थिए। सूत्र अनुसार छात्रले आफ्ना साथीहरूसित खोरीबाड़ीको बंगाल-बिहार सीमास्थित भालुकगड़ा रोडमा सरस्वती पूजाको चन्दा संग्रह गरिरहेका थिए। यसै अवधि बिहारदेखि खोरीबाड़ीतर्फ गइरहेको ट्रकलाई रोक्ने प्रयास गरियो। तर ट्रक नरोकी छात्रलाई कुल्चिएर अगाड़ि बढ्यो जसबाट छात्रको पीड़ादायी मृत्यु भयो। घटनालाई लिएर स्थानीय मानिसहरूले ट्राफिक पुलिसविरूद्ध आक्रोश व्यक्त गरे। घटनाको सूचना पाएर खोरीबाड़ी पुलिस घटनास्थलमा पुग्यो अनि शवलाई उद्धार गरी उत्तर बंगाल मेडिकल कलेज एवं अस्पतालमा पठाइदियो। पुलिसले ट्रकलाई जफ्त गरे पनि चालक भने भाग्न सफल भयो। पुलिसले भगौड़ा चालकलाई खोजिरहेको छ।

****** ० ******

**सडक सुरक्षा कार्यशाला**

जिल्ला सडक सुरक्षा समितिको आयोजनामा आज दार्जीलिङमा सडक सुरक्षा कार्यशालाको आयोजना गरियो। उक्त कार्यशाला दार्जीलिङका पिकअप भ्यानका चालकहरुलाई लिएर गरिएको थियो भने कार्यशालामा चालकहरुलाई सडक सुरक्षाबारे जानकारी प्रदान गरेको क्षेत्रीय परिवहन अधिकारी मिल्टन दासले बताउनु भएको छ।

****** ० ******

**गुरु रिम्पोर्छेको सालिग**

खरसाङ खण्ड अन्तर्गत घैयाबारीको अप्पर गैरी गाउँमा 14 फिटको गुरु रिम्पोर्छेको सालिग अनावरण गरिने भएको छ। घैयाबारी बुध्द बुध्दिष्ट एसोसिएसनको आयोजनामा स्थापना गरिएको उक्त गुरु रिम्पोर्छेको मूर्ति (कु) आगामी 23 जनवरीको दिन प्राण प्रतिष्ठा र पूजा अर्चना गरेर उदघाटन गरिने भएको छ। यस सालिगको उदघाटन साथै पूजा अर्चना कार्यक्रम घैयाबारी बुध्द बुध्दिष्ट एसोसिएसनको आयोजनामा आगामी 23, 24 र 25 जनवरीमा भव्य पूजा अर्चना गरिने भएको जानकारी प्राप्त भएको छ। उक्त तीन दिवसीय पूजा अन्तर्गत 25 जनवरीको दिन वाङ वितरण गरिने कार्यक्रम सम्पन्न हुने भएको छ। उक्त गुरु रिम्पोर्छेको सालिग निर्माण गुरुजी मिङमा पासाङको दिशा निर्देशनमा गरिएको बताइएको छ। यहाँ गुरु रिम्पोर्छेको सालिग स्थापनासितै घैयाबारी क्षेत्रलाई धार्मिक स्थलको रुपमा विकसित गरिने साथै यस क्षेत्रको शान्ति मानव रक्षाको लागि स्थापना गरिएको बताइएको छ। उक्त गुरु रिम्पोर्छेको सालिग अनावरण विषयमा पत्रकारहरुसित कुराकानी गर्दै घैयाबारी बुध्द बुध्दिष्ट एसोसिएसनको सल्लाहकार बिशान लामा र सचिव नयन खातीले घैयाबारी बुध्द बुध्दिष्ट एसोसिएसनको आयोजनामा घैयाबारीको अप्पर गैरी गाउँमा गुरु रिम्पोर्छेको सालिग स्थापनासितै घैयाबारी क्षेत्रलाई धार्मिक स्थलको रुपमा विकसित गरिने योजना रहेको बताउँदै उक्त सालिगलाई आगामी 23 जनवरीमा प्राण प्रतिष्ठासितै उद्धाटन गरिने भएको जानकारी गराएका छन्।

****** ० ******

**सड़क दुर्घटनामा महिलाको मृत्यु**

सड़क दुर्घटनामा एकजना महिलाको मृत्यु भयो जसको नाम मालती राय हो। घटना आज बिहान इस्कन रोड क्षेत्रमा भएको हो। मृत महिला भाजपाको सदस्य रहेको बताइएको छ। यस घटनामा कृष्णा सिंह नामक पुलिसकर्मी घाइते भए। स्थानीय सूत्र अनुसार मालती राय आज बिहान कृष्णासिंह नामक व्यक्तिसित बाइकमा सवार भएर इस्कन रोडको मुख्य मोड़ भएर गुज्रिरहेकी थिइन्। सोही समय ट्रकको चपेटमा परेर दुबै बाइकसितै लड़े। ट्रकको चककाले कुल्चेर महिलाको घटनास्थलमै मृत्यु भयो। स्थानीय मानिसहरूको आरोप छ, कृष्णा सिंह नामक पुलिसकर्मीको मृतका भाजपा नेताको अवैध सम्बन्ध थियो। दुर्घटनापछि स्थानीय मानिसहरूले पुलिसकर्मीमाथि कुटपिट गरे जसले गर्दा तनाउ व्याप्त भयो। यसबीच दुर्घटनाको खबर पाउनसाथ आशिघर चौकीको पुलिस र भक्तिनगर थानाको पुलिस घटनास्थलमा पुग्यो। पुलिसले आक्रोशित भीड़देखि कृष्णालाई बचायो अनि शवलाई

पोस्टमर्टम गर्नको लागि पठाइदियो। पछि ठूलो संख्यामा आएको भक्तिनगर थानाको पुलिसले स्थितिलाई नियन्त्रण गऱ्यो। पुलिसले सम्पूर्ण घटनाको जाँच शुरू गरेको छ।

****** ० ******

**<u>पर्यटकको मृत्यु</u>**

पहाड़ घुम्न आएका एकजना पर्यटकको मृत्यु भएको छ। पूर्व वर्धमान जिल्लाबाट पहाड़ घुम्न आएका आठजना पर्यटकमध्ये एकजनाको पर्यटकको हिजो 15 जनवरीको दिन मृत्यु भएको हो। सिटोङ ग्राम पञ्चायत तीन अन्तर्गत एउटा होम स्टेमा मंगलवार पूर्व वर्धमानबाट आठजना पर्यटकहरू पहाड़ घुम्न आएका थिए। तिनीहरूमध्ये एकजना पर्यटक अस्वस्थ भएपछि उनलाई बुधवार बिहानै रम्बी अस्पताल पुऱ्याइयो, जहाँ डाक्टरहरूले उनलाई मृत घोषित गरे। घटनाबारे जानकारी पाएपछि रम्बी पुलिसले मृतदेह पोस्टमार्टमको निम्ति कालेबुङ जिल्ला अस्पताल पठायो।मृत्युको वास्तविक कारण थाहा नलागे पनि जाड़ोलगायत विविध कारणले पर्यटक अस्वस्थ भएको अनि त्यसैले उनको मृत्यु भएको अनुमान लगाइएको छ। यद्यपि पर्यटकको मृत्युको वास्तविक कारण पोस्टमार्टम रिपोर्ट आएपछि नै थाहा लाग्ने पुलिस सूत्रले जनाएको छ। हालैका दिनहरूमा पहाड़ घुम्न आएका पर्यटकको अस्वस्थ भएर ज्यान गएको यो तेस्रो घटना हो। यस अघि हालै दार्जीलिङ घुम्न आएका दुई पर्यटकको मृत्यु भएको थियो।

****** ० ******